नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**भरतपुर अस्पताल**
भरतपुर, चितवन

# बुलेटिन

वर्ष : ८ | अङ्क : १ | असार २०८२

## माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीज्यूबाट भरतपुर अस्पतालको क्याथल्याब उद्घाटन





## अत्याधुनिक क्याथल्याब र इन्टरभेन्सन रेडियोलोजी सेवा भरतपुर अस्पतालमा सुचारु

सेवा सुरुपश्चात् कार्डियोलोजी र इन्टरभेन्सन रेडियोलोजीअन्तर्गत गरिएका सर्जरीको प्रकृति र सङ्ख्या निम्नानुसार रहेका छन् :

| | | |
|---|---|---|
| Cardiology | | |
| 1. | CAG (Coronary Angiogram) | 19 |
| 2. | PCI (Percutaneous Coronary Intervention) | 1 |
| 3. | TPI (Temporary Pacemaker Insertion) | 3 |
| 4. | PPI (Permanent Pacemaker Insertion) | 2 |
| 5. | Pericardicentesis | 1 |
| Intervention Radiology | | |
| 1. | Embolization | 2 |
| 2. | Cerebral Angiography | 1 |
| 3. | Sclerotherapy | 4 |
| 4. | PTBD (Percutaneous Biliary Drainage | 1 |

डा. प्रदेश घिमिरे
*(न्युरो एण्ड बडी इन्टरभेन्सन रेडियोलोजिस्ट)*

नेपालको सङ्घीय अस्पतालहरूमा काठमाडौंभन्दा बाहिर पहिलो पटक विभिन्न सेवाहरू भरतपुर अस्पतालमा अत्याधुनिक न्युरो क्याथल्याब (Neuro-cath lab) मा उपलब्ध छन् । यस सेवाअन्तर्गत निम्नलिखित सेवाहरू पर्दछन् :

१. शरीरको कुनै पनि अङ्गमा निस्कने ट्युमर या सुजनको FNAC अथवा Biopsy गर्ने ।

२. शरीरको कुनै पनि अङ्गमा पानी या पिप जमेको छ भने पाइपको माध्यमबाट निकालिने ।

३. अत्यधिक जन्डिस भएमा कलेजोमा पाइप राख्ने (PTBD) ।


४. पिसाब नली बन्द भएमा सिधै मृगौलामा पाइप राख्ने (PCN)।

५. शरीरको कुनै पनि अङ्गमा निस्कने ट्युमर या सुजनलाई पोल्ने या डढाउने (Ablation) । विशेष गरी कलेजो या मृगौलाको समस्यामा यो उपचार विधि प्रयोग गर्ने गरिन्छ ।

६. कलेजोको क्यान्सरलाई रक्तनलीको माध्यमबाट सिधै क्यान्सरमै पर्ने गरेर केमोथेरापी र नसा सुकाउने (Tace)।

७. शरीरको रक्तनली कुनै कारणले फुट्यो भने बन्द गर्ने (Embolization), जस्तै कि प्रसूतिपश्चात् हुने अत्याधिक रक्तस्राव, रगत उल्टी हुने (Hematemesis), खकारमा रगत आउने (Hemoptysis), दिशामा रगत आउने (MALENA, GI Bleeding), पिसाबमा रगत आउने अवस्थामा यो विधि अपनाइन्छ । ब्रेन हेमरेजमा Coiling गर्ने ।

**(बाँकी पृष्ठ ३ मा)**


न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा भरतपुर अस्पताल देशकै सङ्घीय अस्पतालहरूमा ८८% अङ्कसहित प्रथम स्थान प्राप्त गर्न सफल भएको छ र Green Zone Sticker (हरित क्षेत्र) प्राप्त पहिलो सङ्घीय अस्पताल बन्न सफल भएको छ ।

# भरतपुर अस्पताल-हाडजोर्नी ट्रमा विभाग, जहाँ हड्डी मात्रै होइन, भरोसा र सम्बन्ध पनि गाँसिन्छ

**डा. मनोज कँडेल**
*सह-प्राध्यापक,*
*हाडजोर्नी तथा जोर्नी प्रत्यारोपण विशेषज्ञ*
*अर्थोपेडिक विभाग, भरतपुर अस्पताल*

म नेपालको एउटा प्रमुख सरकारी अस्पताल भरतपुर अस्पतालको Orthopaedica and traumatology विभागको ट्रमा तथा जोर्नी प्रत्यारोपण विशेषज्ञको हैसियतमा विगत दश वर्षदेखि कार्यरत छु । यहाँको दैनिक कार्य कुनै निजी अस्पतालको जस्तो 'routine' हुँदैन । बिहानैदेखि रातसम्म routine देखि EHS सेवाअन्तर्गत शल्यक्रिया, आकस्मिक कक्ष (ER), ओपीडी र वार्ड दौडिरहनु पर्दछ ।

यस विभागले देशका पूर्वी, पश्चिमी र मध्य भागबाट आउने हजारौँ विरामीलाई सेवा दिन्छ । ट्राफिक दुर्घटना, हड्डी भाँचिने, जोर्नीको रोग, कुपोषणजन्य हड्डी समस्यादेखि लिएर आधुनिक जोर्नी प्रत्यारोपण (Joint replacement) सम्मका केसहरू दैनिकजसो हाम्रो ओपीडी र इमर्जेन्सीमा देखिन्छन् । प्रत्येक केससँग कुनै न कुनै मानवीय पीडा जोडिएको हुन्छ र ती पीडालाई कम गर्नु नै मेरो पेसाको धर्म हो ।

भरतपुर अस्पालको हाडजोर्नी तथा ट्रमा विभागमा हाम्रो सेवायात्रा केवल अपरेसन, औषधि र उपचारको सीमित दायरा होइन ।

हामीले भरतपुर अस्पतालमा काम गर्दै जाँदा भोगेका अनुभवहरू मिठा पनि छन् र गहिरा पनि । यहाँको विभागमा हरेक दिन सयौँको सङ्ख्यामा विरामी आउँछन् । कोही सडक दुर्घटनाबाट हड्डी भाँचिएको पीडामा, कोही चल्न नसक्ने पुरानो जोर्नी रोग लिएर त कोही सहारा खोज्दै गाउँघरको कुनाबाट आएका हुन्छन् ।

स्रोत सीमित, समय न्यून, तर भरोसा अपार !!!

सफल उपचारको पहिलो सर्त हो- विरामी र डाक्टर बिचको भरोसा । जब विरामी आँखा रसाउँदै भन्छ, "डाक्टर साब, तपाईँले मेरो जीवन फर्काइदिनुभयो," त्यो भावले हाम्रा सबै थकाइहरू बिर्साउँछ । तर सजिलो केही छैन । कहिलेकाहीँ औषधि नपुग्ने, शल्यकक्षमा उपकरणको समस्या, व्यवस्थापनको ढिलाइ जस्ता समस्याले मानसिक तनाव दिन्छन् । तर हाम्रो समूह जसमा सहकर्मी चिकित्सक, नर्स, फिजियोथेरापिस्ट र कर्मचारी समावेश छन्, सबैले समन्वय, धैर्य र सेवाको भावना बोकेर अगाडि बढ्ने प्रयत्न गरेका छौँ ।

भरतपुर अस्पतालले हामीलाई सेवा गर्न सिकायो, पीडामा साथ दिन सिकायो र एक अर्काबिचको मानवीय सम्बन्धको शक्ति चिनायो । यो अस्पताल हाम्रो लागि केवल जागिरको ठाउँ होइन, यो त हाम्रो कर्मभूमि हो जहाँ हामीले निःस्वार्थ भावले जनताको विश्वास जित्न पाएका छौँ ।

आज हामी गर्वका साथ भन्न सक्छौँ- हामी भरतपुर 'हाडजोर्नी ट्रमा विभाग'मा काम गर्छौं, जहाँ हड्डी मात्र होइन, सम्बन्ध पनि गाँसिन्छ ।


**Pain Management Clinic**

हरेक सोमबार बिहान १० बजेदेखि २ बजेसम्म दीर्घ दुखाइका बिरामीहरूका लागि एनेस्थेसियोलोजिस्ट तथा पेन फिजिसिएन डा. विनम घिमिरेबाट सेवा उपलब्ध छ ।

**Nutraceuticals/Multivitamins**

बेचबिखन नियन्त्रणको प्रयासस्वरूप भरतपुर अस्पतालले अस्पताल हाताभित्र रहेका कुनै पनि फार्मेसीहरूमार्फत् औषधी व्यवस्था विभागमा दर्ता नभएका यस्ता औषधीहरू बेच-बिखनमा पूर्ण प्रतिबन्ध गरेको छ ।

**हामी सेवाग्राहीहरूबाट प्राप्त गुनासो हरेक हप्ता सुनुवाइको लागि प्रयत्नरत छौँ :-**


मिति २०८२।१।५
श्रीमान् भरतपुर हस्पिटल
सर सफाई प्रमुख ज्यू

विषय सर सफाई सम्बन्धमा
मेरो नम्र निवेदन यो छ कि भरतपुर हस्पिटल परिसर मा बिहान ५ बजे देखि सर सफाई हुनु पर्नेमा ७ बजे गरेको देखियो हस्पिटल भित्र पनि ७ बजे नै सफाई हुदा बिरामी कुरुवा लाई भित्र बाट बाहिर निकाल्ने र बाहिर पनि सर सफाई गर्नेले कराउने हुदा बिरामी कुरुवा लाई पर्न गएको समस्या हल होस भनि यो सुझाव हजुर संग पेस गरेको छु
सर सफाई परिसर बाहिर ५ बजे
हस्पिटल भित्र ७ बजे को सुझाव दिन चाहान्छु धन्यवाद
निवेदक
इ. सापकोटा
९८४५५८०८५६

# कान किन कोट्याउनु हुँदैन !

**डा. रमेश भण्डारी**
*विभागीय प्रमुख*
*नाक, कान, घाँटी विभाग*

मानव शरीरका विभिन्न इन्द्रियमध्ये कान पनि एक हो । कानको हेरचाह गर्नु हाम्रा लागि अपरिहार्य हुन्छ । कहिलेकाहीँ कान चिलाउँछ र हामीहरूलाई कान कोट्याउन मन लाग्छ । धेरै चिलाएमा चिकित्सकलाई देखाएर के कारणले कान चिलाएको हो भन्ने कुराको किटान गरी उपचार गर्नुपर्छ । कान कोट्याउन प्रयोग गरिने वस्तुहरूमा कपास बेरिएको सिन्का (Q-Tip), सिन्का, धातुबाट बनेका विभिन्न सामानहरू पर्दछन् । एकपटक कान कोट्याएपछि पटकपटक कोट्याउन मन लाग्छ जसले गर्दा नरम भागमा चोट पुग्न गई सङ्क्रमण (Infection) हुन सक्छ । Otitis Externa, Furunalosis आदि कान कोट्याउँदा हुने सङ्क्रमण हुन् ।

कान कोट्याउनेलाई कानको नली (External Auditony Canal) साँघुरो भई कान कम सुन्ने, धेरै चिलाउने र फोहर बाहिर निस्किन नसक्ने हुन्छ । कसैलाई कान कोट्याउँदा खोकी लाग्ने हुन्छ । कानभित्र कोट्याउने वस्तु भाँचिएर अड्किन सक्छ । कानको जाली फुट्न सक्छ । कानभित्रको फोहर प्राकृतिक रूपमा आफै बाहिर आउने गर्छ तसर्थ अनावश्यक रूपमा कान कोट्याउनु हुँदैन ।

# खुल्ला प्लास्टिक झोलामुक्त भरतपुर अस्पताल

प्रकाश पन्त
जन स्वास्थ्य अधिकृत
भरतपुर अस्पताल चितवन




खुल्ला प्लास्टिक झोलामुक्त भरतपुर अस्पताल घोषणा (मितिः २०८१।१२।२५) भएपश्चात्का गतिविधिहरू :

१) अस्पताल परिसरमा खुल्ला प्लास्टिक झोलाको प्रयोग पूर्ण रूपमा निषेध गरिएको छ ।

२) विरामी तथा भिजिटरलाई अस्पतालद्वारा नै वैकल्पिक झोलाको व्यवस्था गरिएको छ ।

३) स्वास्थ्यकर्मी, विरामी तथा आगन्तुक-हरूलाई वैकल्पिक झोलाको व्यवस्था गरी पुनः प्रयोग गर्न मिल्ने झोलाको प्रयोग गर्न अनुरोध गरिएको छ ।

४) नियमित रूपमा खुल्ला प्लास्टिक झोला प्रयोग नगर्न प्रेरित गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

५) खुल्ला प्लास्टिक झोलामुक्त भरतपुर अस्पताल सुनिश्चित गर्न अनुगमन टोलीमार्फत नियमित सुपरभिजन, मोनिटरिङ साथै आवश्यकताअनुसार onsite coaching को व्यवस्था गरिएको छ ।

६) अस्पतालमा सूचना पाटी, ब्यानर होडिङ बोर्ड र डिस्प्लेमार्फत खुल्ला प्लास्टिक झोला प्रयोग रोक्न जानकारी दिइएको छ ।

७) भ.म.न.पा. वडा नं. १०, सहमति, बेटरचितवन र सुइरो कार्यक्रमलगायतका सरोकारवाला निकायहरूसँग समन्वय गरी दिगो सुधारका कार्यक्रमहरू अघि बढाइएको छ ।

८) समग्रमा खुल्ला प्लास्टिक झोलामुक्त तथा वातावरणमैत्री अस्पताल बनाउने दिशामा उल्लेखनीय प्रगति गरिएको छ ।

## २०८२ जेठ/असारमा थप गरिएका अस्पतालका नयाँ सेवाहरू

- Cath Lab
- Burn Ward
- Sub Fertility Clinic
- Simulation Lab
- Lactation Management Unit
- Child Play Therapy
- Cadaver Lab
- Yoga & Meditation Room

## मनोपरामर्श कक्ष

भरतपुर अस्पतालमा २०८२/०३/१० देखि मनोपरामर्श कक्ष स्थापना गरी सेवा सुरु हुँदै आएको छ ।

स्थान : Annex Block, OCMC कार्यालयसँगै

समय : बिहान ९:३० देखि दिउँसो ३ बजेसम्म




अस्पतालको प्राङ्गणमा नियमित रूपमा सञ्चालन हुँदै आएको खुल्ला रक्तदान

## अत्याधुनिक क्याथल्याब ....

८. शरीरको रक्तनली कुनै कारणले बन्द भयो भने खोलिदिने। मुख्यतः दिमागको नसा बन्द भएर पक्षघात भएकालाई तुरुन्तै ल्याएमा Thrombectomy गर्ने । मृगौलाको रक्तनली बन्द भएर उच्च रक्तचाप भएमा खोलिदिने (Balloon or Stent Plasty), हात या खुट्टाको रक्तनली बन्द भएर निलो र चिसो भएमा खोलिदिने (Peripheral Angioplasty)

९. आँखाहरू अत्यधिक सुन्निएर बाहिरै निस्केला जस्तो भएमा आँखाको Fistula भएको नसालाई बन्द गरिदिने (Carotid-Cavernous Fistula Embolization)

१०. अण्डकोषमा धेरै नसाहरू देखिएमा बन्द गरेर निःसन्तान हुनबाट बचाउने ।

११. खुट्टाका नसाहरू फुलेर आएमा त्यसलाई बन्द गरिदिने । (Varicose Veins Ablation

१२. कुनै पनि ट्युमर ठूलो भएमा अपरेसन गर्न गाह्रो हुने या नमिल्नेलाई त्यही ट्युमरको नसालाई सुकाइदिने अनि सानो बनाइदिने । (Pre-Operative Embolzation)

# गतिविधि




गणतन्त्र दिवसको उपलक्ष्यमा भरतपुर अस्पतालमा उपचाररत विरामीहरूलाई शीघ्र स्वास्थ्य लाभको कामनासहित फलफूल वितरण कार्यक्रमका केही झलक



अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा कर्मचारीहरूलाई योग तथा ध्यान कक्षा



भरतपुर अस्पताल विकास समितिका नवनियुक्त सदस्य ध्रुवराज सुवेदीज्यूलाई स्वागत गरिँदै




भरतपुर अस्पतालमा नयाँ सेवाहरू शुभारम्भ कार्यक्रमको झलक



बेसाहारा बिरामीको साहारा आशा दिदी




भरतपुर अस्पताल फार्मेसीले नियमित रूपमा सञ्चालन गर्दै आएको CME कार्यक्रम


**भरतपुर अस्पताल**
**बुलेटिन प्रकाशन समिति**

संयोजक :
डा. रामप्रसाद सापकोटा, प्रवक्ता
सदस्य :
मुरलीधर घिमिरे, उपप्राध्यापक
सदस्य सचिव :
गोपालप्रसाद पौडेल, सूचना अधिकारी